# भाग ५

## नेपाल सरकार

## गृह मन्त्रालयको

### सूचना

नेपाल सरकारले विक्रम संवत् २०८२ साल वैशाख १ गतेदेखि चैत मसान्तसम्म एक वर्षभरिमा सबै सरकारी कार्यालय तथा सार्वजनिक निकायको लागि देहाय बमोजिमको सार्वजनिक, पर्व एवं सट्टा बिदा र कार्यालय समय निर्धारण गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

**१. <u>वर्षभरिका शनिबार बिदाः</u>**

| | | | | | |
|---|---|---|---|---|---|
| (क) | वैशाख- | ६, १३, २०, २७ | (छ) | कात्तिक- | १, ८, १५, २२, २९ |
| (ख) | जेठ- | ३, १०, १७, २४, ३१ | (ज) | मङ्सिर- | ६, १३, २०, २७ |
| (ग) | असार- | ७, १४, २१, २८ | (झ) | पुस- | ५, १२, १९, २६ |
| (घ) | साउन- | ३, १०, १७, २४, ३१ | (ञ) | माघ- | ३, १०, १७, २४ |
| (ङ) | भदौ- | ७, १४, २१, २८ | (ट) | फागुन- | २, ९, १६, २३, ३० |
| (च) | असोज- | ४, ११, १८, २५ | (ठ) | चैत- | ७, १४, २१, २८ |

**२. <u>पर्व बिदाः</u>**

**२.१. मुलुकभरि सार्वजनिक बिदा हुने पर्वः**

(क) नव वर्ष - वैशाख १ गते सोमबार।

(ख) चण्डी पूर्णिमा (वैशाख पूर्णिमा) - बुद्ध जयन्ति, राई, लिम्बू, याक्खा, सुनुवार लगायतका किराँत समुदायको उभौली पर्व - वैशाख २९ गते सोमबार।

(ग) रक्षाबन्धन - साउन २४ गते शनिबार।

(घ) श्रीकृष्ण जन्माष्टमी - साउन ३१ गते शनिबार।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) घटस्थापना - असोज ६ गते सोमबार।

(च) दशैं बिदा- असोज १३ गते सोमबारदेखि असोज १८ गते शनिबारसम्म (फूलपातीदेखि द्वादशीसम्म)

(छ) तिहार बिदा- कात्तिक ३ गते सोमबारदेखि कात्तिक ७ गते शुक्रबारसम्म (लक्ष्मीपूजा देखि भाइटिकाको भोलिपल्टसम्म)

(ज) छठ पर्व - कात्तिक १० गते सोमबार।

(झ) धान्य पूर्णिमा - किराँत समुदायको उधौली पर्व, योमरी पुन्हि, ज्यापु दिवस – मङ्सिर १८ गते बिहीबार ।

(ञ) इसाई धर्मावलम्बीको पर्व क्रिसमस डे (डिसेम्बर २५)- पुस १० गते बिहीबार।

(ट) तमू ल्होछार - पुस १५ गते मङ्गलबार।

(ठ) माघी पर्व/माघे सङ्क्रान्ति - माघ १ गते बिहीबार।

(ड) सोनम ल्होछार - माघ ५ गते सोमबार।

(ढ) महाशिवरात्री - फागुन ३ गते आइतबार।

(ण) ग्याल्पो ल्होसार - फागुन ६ गते बुधबार।

(त) इस्लाम धर्मावलम्बीको पर्व ईद (ईद उल फित्र) का दिन।

(थ) इस्लाम धर्मावलम्बीको पर्व बकर ईद (ईद उल अजहा) का दिन।

(द) फागुपूर्णिमा - हिमाली र पहाडी जिल्ला लगायतका ५६ जिल्लामा फागुन १८ गते



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सोमबार र तराईका देहायका जिल्लामा फागुन १९ गते मङ्गलबारः-

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १. | झापा | ७. | धनुषा | १३. | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | १९. | बर्दिया |
| २. | मोरङ | ८. | महोत्तरी | १४. | नवलपरासी(बर्दघाट सुस्ता पश्चिम) | २०. | कैलाली |
| ३. | सुनसरी | ९. | सर्लाही | १५. | रुपन्देही | २१. | कञ्चनपुर |
| ४. | सप्तरी | १०. | रौतहट | १६. | कपिलवस्तु | | |
| ५. | सिराहा | ११. | बारा | १७. | दाङ | | |
| ६. | उदयपुर | १२. | पर्सा | १८. | बाँके | | |

(ध) रामनवमी - चैत १३ गते शुक्रबार ।

**२.२. सम्बन्धित धर्म, संस्कृति, भौगोलिक क्षेत्र र स्थान विशेषका लागि मात्र हुने सार्वजनिक पर्व बिदाः**

(क) गाईजात्रा- साउन २५ गते आइतबार (देशभरका नेवार समुदायका लागि मात्र)।

(ख) गौरा पर्व- भदौ १५ गते आइतबार।

(ग) सिरुवा पावनीको दिन (सो पर्व मनाउने झापा, मोरङ, सुनसरी, सिराहा र सप्तरी जिल्लामा)।

**३. महिला कर्मचारीका लागि मात्रः**

(क) हरितालिका (तीज) व्रत - भदौ १० गते मङ्गलबार।

(ख) जितिया पर्व - भदौ ३० गते सोमबार (जितिया पर्व मनाउने महिला कर्मचारीका लागि)।

**४. शिक्षण संस्थाका लागि मात्रः**

वसन्त पञ्चमी - माघ ९ गते शुक्रबार।

**५. जात्रा बिदा (काठमाडौं उपत्यकालाई मात्र):**

(क) गाईजात्रा - साउन २५ गते आइतबार।

(ख) इन्द्रजात्रा - भदौ २१ गते शनिबार।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा (सो जात्रा हुने दिन) ।

(घ) घोडेजात्रा - चैत ४ गते बुधबार।

६. <u>दिवस बिदाः</u>

**६.१. मुलुकभरि सबैलाई हुने सार्वजनिक दिवस बिदाः**

(क) विश्व मजदुर दिवस - (मे १) वैशाख १८ गते बिहीबार।

(ख) गणतन्त्र दिवस - जेठ १५ गते बिहीबार।

(ग) संविधान दिवस (राष्ट्रिय दिवस) - असोज ३ गते शुक्रबार।

(घ) सहिद दिवस - माघ १६ गते शुक्रबार।

(ङ) राष्ट्रिय प्रजातन्त्र दिवस - फागुन ७ गते बिहीबार।

(च) अन्तर्राष्ट्रिय महिला दिवस (मार्च ८) - फागुन २४ गते आइतबार ।

**६.२. अपाङ्गता भएका कर्मचारीहरूको लागि मात्रः**

अन्तर्राष्ट्रिय अपाङ्गता दिवस (डिसेम्बर ३)- मङ्सिर १७ गते बुधबार (अपाङ्गता भएका नेपालभित्रका सम्पूर्ण कर्मचारीको लागि)।

७. <u>जन्मजयन्ती बिदाः</u>

**७.१. मुलुकभरि सबैलाई हुने सार्वजनिक जन्मजयन्ती बिदाः**

(क) बुद्ध जयन्ती - वैशाख २९ गते सोमबार।

(ख) पृथ्वी जयन्ती (राष्ट्रिय एकता दिवस)- पुस २७ गते आइतबार।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**७.२. सम्बन्धित धर्मावलम्बीका लागि मात्रः**

(क) फाल्गुनन्द जयन्ती - कात्तिक २५ गते मङ्गलबार (किराँत धर्मावलम्बी) ।

(ख) मोहम्मद जयन्तीका दिन (नेपाली मुस्लिम धर्मावलम्बी)।

(ग) गुरु नानक जयन्तीका दिन (नेपाली सिख धर्मावलम्बी) ।

**८. <u>राष्ट्रियरूपमा मनाइने तर कार्यालय खुल्ने प्रकृतिका दिवसहरूः</u>**

(क) जातीय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस - जेठ २१ गते बुधबार।

(ख) निजामती सेवा दिवस- भदौ २२ गते आइतबार।

**९. विदेशस्थित नेपाली नियोगले सम्बन्धित मुलुकका सार्वजनिक बिदालाई समेत दृष्टिगत गरी बढीमा १८ दिनसम्म सार्वजनिक बिदा आफैंले व्यवस्थापन र समायोजन गर्न सक्ने।**

**१०. <u>सार्वजनिक सेवा प्रवाहसम्बन्धी विशेष व्यवस्थाः</u>**

१०.१. प्रकरण २.१ अन्तर्गतका पर्व बिदा मध्ये खण्ड (ख) को चण्डी पूर्णिमा (वैशाख पूर्णिमा), उभौली पर्व, खण्ड (ग) को रक्षाबन्धन, खण्ड (घ) को श्रीकृष्ण जन्माष्टमी, खण्ड (ङ) को घटस्थापना, खण्ड (झ) को धान्य पूर्णिमा, उद्यौली पर्व, योमरी पुन्हि (ज्यापू दिवस), खण्ड (ञ) को क्रिसमस डे, खण्ड (ट) को तमू ल्होसार, खण्ड (ठ) को माघी पर्व/माघे सङ्क्रान्ति, खण्ड (ड) को सोनम ल्होसार, खण्ड (ढ) को महाशिवरात्री, खण्ड (ण) को ग्याल्पो ल्होसार, खण्ड (त) को ईद (ईद



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उल फित्र) र खण्ड (थ) को बकर ईद (ईद उल अजहा), प्रकरण ५ को जात्रा बिदा अन्तर्गतका गाईजात्रा, इन्द्रजात्रा, मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा र घोडेजात्रा बिदा, प्रकरण ६.१ अन्तर्गतका सार्वजनिक दिवस बिदामध्ये खण्ड (ख) को गणतन्त्र दिवस, खण्ड (घ) को सहिद दिवस, खण्ड (ङ) को राष्ट्रिय प्रजातन्त्र दिवस र खण्ड (च) को अन्तर्राष्ट्रिय महिला दिवस बिदा र प्रकरण ७.१ जन्मजयन्ती बिदा अन्तर्गतका बुद्ध जयन्ती र पृथ्वी जयन्ती (राष्ट्रिय एकता दिवस) बिदाका दिनमा देहायका सार्वजनिक सेवा प्रवाह गर्न सम्बन्धित मन्त्रालय वा निकायले आवश्यक प्रबन्ध मिलाउनु पर्नेछः-

**(क)** नागरिकता सम्बन्धी सेवा,

**(ख)** राहदानी सम्बन्धी सेवा,

**(ग)** कन्सुलर सम्बन्धी सेवा,

**(घ)** भन्सार तथा राजस्व सम्बन्धी सेवा (राजस्व अनुसन्धान समेत),

**(ङ)** क्वारेन्टाइन सम्बन्धी सेवा,

**(च)** सवारी अनुमतिपत्र, सवारी साधन दर्ता तथा नवीकरण लगायतका यातायात व्यवस्थापन सम्बन्धी सेवा,

**(छ)** उद्योग, वाणिज्य र कम्पनी प्रशासन सम्बन्धी सेवा,

**(ज)** वैदेशिक रोजगार सेवा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण सम्बन्धी सेवा,

(ञ) मालपोत तथा नापी सम्बन्धी सेवा,

(ट) स्थानीय तहबाट प्रवाह हुने सार्वजनिक सेवा,

(ठ) भेटेरिनरी सेवा,

(ड) खानेपानी सम्बन्धी सेवा,

(ढ) विद्युत सम्बन्धी सेवा,

(ण) सडक तथा ढल मर्मत सम्भार सम्बन्धी सेवा,

(त) खाद्य, गुणस्तर परीक्षण,

(थ) विभिन्न निकाय तथा शिक्षण संस्थाबाट सञ्चालन हुने परीक्षा सम्बन्धी कार्य,

(द) वैदेशिक अध्ययन अनुमति (NOC) सम्बन्धी सेवा,

(ध) नेपाल प्रहरीबाट प्रदान गरिने चारित्रिक प्रमाणपत्र सम्बन्धी सेवा,

(न) सम्बन्धित मन्त्रालय वा निकायले तोकेका सार्वजनिक सेवासँग सम्बन्धित अन्य सेवा,

(प) प्रदेश सरकार र स्थानीय तहले तोकेका सार्वजनिक सेवा प्रवाह सम्बन्धी अन्य सेवा,

(फ) बैङ्किङ्ग तथा बीमा सम्बन्धी कारोबार।

१०.२ अस्पताल, दूरसञ्चार, प्रहरी, अध्यागमन, कारागार, फोहोरमैला व्यवस्थापन, फायरब्रिगेड, टक्सार, सार्वजनिक सेवा प्रसारण संस्था (रेडियो नेपाल,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल टेलिभिजन), मुद्रण विभाग, हुलाक, शान्ति सुरक्षा, विपद् आदि जस्ता रोजाना र आकस्मिक सेवा प्रदान गर्ने मन्त्रालय, विभाग तथा कार्यालयले सार्वजनिक बिदाका दिनमा समेत दैनिक काम नरोकिने गरी सेवा प्रवाह गर्नु पर्नेछ।

१०.३ प्रकरण १०.१ र १०.२ बमोजिम अत्यावश्यक र आकस्मिक सेवा सञ्चालन गर्ने निकाय तथा कार्यालयमा कार्यरत कर्मचारीको लागि आलोपालो गरी सट्टा बिदाको व्यवस्था त्यस्ता निकाय तथा कार्यालय स्वयंले मिलाउनु पर्नेछ।

**११. <u>कार्यालय समयः</u>**

(क) नेपाल राज्यभरका सबै सरकारी कार्यालयमा वैशाख १ गतेदेखि कात्तिक १५ गतेसम्म तथा माघ १६ गतेदेखि चैत मसान्तसम्म कार्यालय समय बिहान १०:०० बजेदेखि अपरान्ह ५:०० बजेसम्म हुने र कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म बिहान १०:०० बजेदेखि अपराह्न ४:०० बजेसम्म हुनेछ ।

(ख) शुक्रबारको दिन बिहान १०:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म हुनेछ ।

**१२. <u>अत्यावश्यक तथा आकस्मिक सेवाको व्यवस्थापनः</u>**

आवश्यक सेवा सञ्चालन ऐन, २०१४ बमोजिमका आवश्यक सेवा (डाँक तार वा टेलिफोन सेवा/जल, स्थल वा हवाई मार्गबाट यात्री वा मालसामान ओसारपसार गर्ने यातायात सेवा/हवाई अड्डा वा हवाई जहाजको देखभाल,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यसको सञ्चालन वा मर्मत गर्ने कामसँग सम्बन्धित सेवा/ हवाई ग्राउण्ड, रेल्वे स्टेशन वा सरकारी गोदाममा मालसामान ओसारपसार गर्ने, राख्ने, झिक्ने वा थन्क्याउने कामसँग सम्बन्धित सेवा/ प्रिन्ट वा सरकारी छापाखाना सम्बन्धी सेवा/ हातहतियार खरखजाना वा अरु कुनै सैनिक सरसामानको उत्पादन गर्ने, थन्क्याउने, वितरण गर्ने कामसँग सम्बन्धित नेपाल सरकार रक्षा व्यवस्थाको कुनै सेवा/नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अरु जुनसुकै सेवा) र अन्य आकस्मिक सेवा सम्बन्धी व्यवस्थालाई मध्यनजर राखी प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा मेडिकल सुपरिटेण्डेन्ट/जिल्ला जनस्वास्थ्य प्रमुख, जिल्ला समन्वय अधिकारी र जिल्ला प्रहरी प्रमुख सदस्य तथा सहायक प्रमुख जिल्ला अधिकारी सदस्य-सचिव रहने समिति गठन गरी यस्ता सेवा सार्वजनिक बिदाको दिन समेत सुचारू रुपले सञ्चालन तथा प्रवाह गर्ने अनिवार्य व्यवस्था मिलाउनु पर्नेछ।

**<u>द्रष्टव्यः</u>**

(क) नेपाल सरकारले निर्णय गरी तोकेका सार्वजनिक बिदाका अतिरिक्त प्रदेश सरकारले आ-आफ्नो प्रदेशको धर्म, संस्कृति र रीतिस्थिति समेतलाई दृष्टिगत गरी घोषणा गरेका बढीमा वर्षको ६ दिनसम्मको सार्वजनिक बिदामा सम्बन्धित प्रदेशमा रहेका सङ्घीय सरकारका कार्यालयमा समेत सार्वजनिक बिदा गर्ने ।तर प्रदेश सरकारले आफ्नो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रदेशभरि लागु हुने गरी ६ दिनभन्दा बढी सार्वजनिक बिदा घोषणा गरेमा र काठमाडौं उपत्यकाका तीन जिल्लाको हकमा गृह मन्त्रालयले निर्णय गरे बमोजिम हुनेछ।

(ख) प्रदेश सरकारले आफ्नो प्रदेशभरि लागु हुने गरी घोषणा गरेका सार्वजनिक बिदा वर्षको सुरुमै प्रदेश राजपत्रमा प्रकाशन भएपछि सम्बन्धित प्रदेशस्थित सङ्घीय सरकारका कार्यालयमा समेत सार्वजनिक बिदा हुने ६ दिनहरु कुन-कुन हुने भन्ने सम्बन्धमा प्रदेश राजधानी रहेका जिल्ला प्रशासन कार्यालय स्वयंले यकिन गरी अग्रिम रुपमा गृह मन्त्रालयमा सार्वजनिक बिदाका लागि अनुरोध गरी पठाउनु पर्नेछ।

(ग) "आधा दिन" भन्नाले वैशाख १ गतेदेखि कात्तिक १५ गतेसम्म तथा माघ १६ गतेदेखि चैत मसान्तसम्म दिनको १:३० बजे र कात्तिक १६ गतेदेखि माघ १५ गते सम्मको लागि दिनको १:०० बजेसम्म सम्झनु पर्छ।

(घ) खाजा समयः दिउँसो १:३० देखि २:०० बजेसम्म हुनेछ।

**आज्ञाले,**
**गोकर्णमणि दुवाडी**
**नेपाल सरकारको सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.१५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।